जहाँ छ मेरो जन्मभूमि त्यहाँ शान्त शीतल जलमग्नमा छन् भक्तवत्सल महेश्वर । म जन्मिए हुर्किएँ यस्तो पावन पुण्यभूमिमा नाम हो यसको जलेश्वर ।।-कवि पवेन्द्र मानश्रेष्ठ

समाज, विकास, लोकतन्त्र र विधिको शासन प्रति समर्पित राष्ट्रिय दैनिक

सबै क्षेत्रको प्रबर्द्धनको गुरु

जि.प्र.का. महोत्तरी द.नं. ४३/०७०/७१
चि. महोत्तरी हु.द.नं. ४/०८०/८१
www.jaleshwortoday.com

# जलेश्वर टुडे

Jaleshwor Today National Daily

एक कदम अगाडि

बर्ष १२ • अंक १०६ • २०८१ माघ २४ गते विहिवार • 6 Feb. 2025 • पृष्ठ ४ • मुल्य रु.५/-

सूचना

जनकपुरधाममा घरभन्दा पनि राम्रो खाना सहितको कक्षा ८ सम्मको व्यवस्थित होस्टेलको लागि

सम्पर्क
९८१५८३०६०१

## धनुषाको सतलोक आश्रममा कबीरजीको निर्वाण दिवस मनाइने- महायज्ञमा पाँच लाख श्रद्धालु आउने




**जलेश्वरटुडे समाचारदाता**
**धनुषा, २३ माघ**

परमेश्वर कबीरजीको निर्वाण दिवसको अवसर पारेर जनकपुर नजिकै महेन्द्रनगरमा रहेको सतलोक आश्रम धनुषामा महायज्ञ विशाल भण्डारा आयोजना हुने भएको छ । पूर्णब्रह्म कबीर उपासक समाजको आयोजनामा यही माघ २४ गतेदेखि २६ गतेसम्म पूर्णब्रह्म कबीर साहेबजीको निर्वाण दिवसका अवसरमा निःशुल्क विशाल भण्डारा आयोजना गर्न लागिएको हो ।

उक्त अवसरमा सन्त गरिबदासजी महाराजको अमरवाणीको अखण्ड पाठ, दाइजोमुक्त विवाह, रक्तदान शिविर, निःशुल्क मन्त्रदीक्षा एवं आध्यात्मिक प्रदर्शनीलगायतका सामाजिक कार्यक्रमहरू आयोजना गरिएको पूर्णब्रह्म कबीर उपासक समाजका अध्यक्ष कुमार डंगोलले जानकारी दिएका छन् । पूर्णब्रह्म कबीर साहेबजी भारतको उत्तर प्रदेश स्थित संत कबीरनगर जिल्लाको मगहर भन्ने स्थानबाट लाखौं मानिसहरुको सामुबाट सशरीर सतलोक गएर निर्वाण धारण गर्नुभएको दिनको सम्झनामा कबीर साहेबको निर्वाण दिवस मनाउन लागेको हो। कार्यक्रममा सन्त गरिबदासजी महाराजको अमरवाणीको अखण्ड पाठ, दाइजोमुक्त विवाह, रक्तदान शिविर, निःशुल्क मन्त्रदीक्षा एवं आध्यात्मिक प्रदर्शनी, आदी जस्ता धार्मिक तथा सामाजिक कार्यक्रमहरू हुनेछन् साथै निर्वाण दिवस आफैंमा महत्वपूर्ण रहेको पनि बताएका छन् ।

पूर्णब्रह्म कबीर साहेबजीको उक्त स्मरणको लागि प्रत्येक वर्ष यो कार्यक्रमको आयोजना हुने गरेको छ । यस्ता कार्यक्रम गर्नुको मुख्य उदेश्य सद्भक्ति प्रदान गरी विश्वलाई मोक्ष प्रदान गर्नुका साथै जीव हिंसाको अन्त्य गर्नु, समाजमा भ्रष्टाचार, छुवाछुत र भेदभावको अन्त्य गर्नु, समाजमा व्याप्त दाइजो प्रथाको अन्त्य गर्नु आदी रहेको उनले बताएका छन् । कार्यक्रममा नेपाल,भारत लगायत विभिन्न देशका पाँच लाख भन्दा बढी मानिस सहभागी हुने र सबैका लागि जुत्ता चप्पल जम्मा गर्ने, मोबाइल चार्ज गर्ने, खाने, बस्ने, ओढ्ने, ओछ्याउने आदी सबै व्यवस्था निःशुल्क रुपमा गरिएको समेत आयोजकले जनाएको छ ।

शुद्ध घ्युमा बनेका प्रसादहरु भण्डारामा वितरण गरिने तथा १० क्वीन्टल भन्दा बढी घ्यूको हवन यज्ञ पनि गरिनेछ । अहिले सम्म कार्यक्रमको पूर्ण तयारी भैसकेको र सजावटका केहि कार्य अझ चलिरहेको छ । यस विशाल महायज्ञमा संसारका सर्व मानवलाई सपरिवार सहभागी हुनका लागि सबै प्रचारका माध्यमहरुबाट माघ १ गते देखि नै खुल्ला निमन्त्रणा पनि दिईने कार्यक्रम तिव्र रुपमा चलिरहेको र श्रद्धालुको संख्या बढेमा आवश्यकता अनुसार तत्कालै व्यवस्था गरिने जानकारी पनि दिएका छन् ।

## मटिहानीमा एकीकृत घुम्ती सेवा शिबिर प्रारम्भ



**जलेश्वरटुडे समाचारदाता**
**महोत्तरी, २३ माघ**

पालिका र वडाहरूबाट प्रदान गर्ने सम्पूर्ण सेवाहरू जनताको घरदैलोमै पुर्‍याउने उद्देश्यले मटिहानी नगरपालिकाले आज देखि एकीकृत घुम्ती सेवा शिबिर प्रारम्भ गरेको छ ।

यसै बिच एक एक कार्यक्रम बिच मटिहानी नगरपालिका द्वारा संचालन गरिएको उक्त एकीकृत घुम्ती सेवा शिविरको आज मटिहानी नगरपालिकाका नगर प्रमुख (मेयर) श्री हरि प्रसाद मण्डलज्यू र महोत्तरी जिल्लाका प्रमुख जिल्ला अधिकारी श्री लालबाबु कवारीज्युले संयुक्त रुपमा समुद्घाटन गर्नुभयो । आज माघ २३ गते देखि प्रारम्भ भएको सो सेवा पालिकाका ९ वटै वडाहरुमा क्रमशः सञ्चालन गरिनेछ । उक्त शिविरमा योजना सम्बन्धि अभिमुखीकरण, योजना सम्झौता, व्यवसाय दर्ता तथा नविकरण, जेष्ठ नागरिक परिचयपत्र वितरण, अपाङ्ता परिचयपत्रको लागि दरखास्त संकलन, निःशुल्क स्वास्थ्य परीक्षण तथा औषधी वितरण, माटो परीक्षण (कृषि कार्यका लागि) कृषि मीटर सिफारिस तथा तरकारीको मिनी किट वितरण, गोबर र गर्भ परीक्षण, पशुपंक्षी सम्बन्धी परामर्श तथा औषधी वितरण, राजस्व असुली, वडाबाट प्रवाह हुने व्यक्तिगत घटना दर्ता लगायतका सम्पूर्ण सेवाहरु, स्वास्थ्य बिमा प्रदान गरिने छ ।नगर प्रमुख श्री हरि प्रसाद मण्डलज्यूको अध्यक्षतामा सम्पन्न समुद्घाटन कार्यक्रममा मटिहानी नगरपालिकाका ससस्त्र प्रहरीका कउ श्री विनोद केसीज्यु, राष्ट्रिय अनुसन्धान कार्यालय महोत्तरीका प्रमुख श्री सुदीप अधिकारीज्यु, उप-प्रमुख श्रीमती मंजू देवी साह, वडा नं. १,२,३ र ९ का वडा अध्यक्षज्यूहरु, स्वास्थ्य शाखा प्रमुख पवन मण्डल, शिक्षा संयोजक चन्देश्वर साह,सम्पूर्ण शाखाका शाखा प्रमुखहरु, कार्यपालिका सदस्यहरु,वडा सदस्यहरु, वडा सचिवहरु लगायत स्थानीयहरुको उपस्थिति रहेका थिए ।

## लक्ष्मीनियाँमा एचपीभी खोप अभियान सुरु




**जलेश्वरटुडे समाचारदाता**
**धनुषा, २३ माघ**


धनुषाको लक्ष्मीनियाँ गाउँपालिकामा पाठेघरको मुखको क्यान्सर विरुद्धको निःशुल्क एचपीभी खोप अभियान सुरु भएको छ । लक्ष्मीनियाँ जनता माविमा बुधबार आयोजित पाठेघरको मुखको क्यान्सरविरुद्ध एचपीभी खोप अभियान २०८१।०८२ शुभारम्भ कार्यक्रममा मधेश प्रदेशका स्वास्थ्य तथा जनसंख्या मन्त्री सत्रुधन प्रसाद सिंहले लक्ष्मीनियाँ गाउँपालिका अध्यक्ष भोगेन्द्र मिश्रलाई स्वास्थ्य सामग्री हस्तान्तरण गरेर अभियान शुभारम्भ गरेका हुन् । खोप अभियानको सुभारम्भ गर्दै मन्त्री सिंहले यो अभियानमा सबैको सहयोग अपरिहार्य रहेको बताए । पाठेघरको मुखको क्यान्सरले महिलालाई अकालमा ज्यान गुमाउनुपरेको स्मरण गर्दै मन्त्री सिंहले अभियानपछि यसमा कमी आउने विश्वास व्यक्त गरे । नेपालमा पाठेघरको मुखको क्यान्सरले दैनिक चार जना महिलाको मृत्यु हुने गरेको तथ्यांकहरुले देखाएको छ ।

स्वास्थ्य क्षेत्रमा सुधारका लागि मधेश प्रदेश सरकारले विभिन्न योजनाहरु संचालन गरेपनि राजनीतिक अस्थिरताले अपेक्षित प्रगति हुन नसकेको मन्त्री सिंहले स्वीकार गरे । राजनीतिक अस्थिरताले योजनाहरु समयमा अगाडि बढ्न सकेको छैन्, उनले भने-स्वास्थ्य क्षेत्रमा सुधार गर्न विभिन्न योजनाहरु रहेको छ । तर, समयमा संचालन नहुँदा योजनाको कार्य प्रगति अपेक्षा अनुसार हुन नसकेको मन्त्री सिंहले थपे । लक्ष्मीनियाँ गाउँपालिकाका अध्यक्ष मिश्रको अध्यक्षतामा भएको शुभारम्भ कार्यक्रममा नेपाली कांग्रेस मधेश प्रदेश संसदीय दलका प्रमुख सचेतक कुमरकान्त झाले अझैपनि स्वास्थ्य निःशुल्क हुन नसकेको जिकिर गरे ।

शिक्षा र स्वास्थ्यलाई निःशुल्क भनिएपनि आमजनताले त्यसको अनुभूति गर्न नसकेको भन्दै उनले यसतर्फ सरकारको ध्यानाकर्षण गराए ।मधेश प्रदेशमा निर्माण गरिएको बर्थिङ सेन्टर जनशक्ति अभावमा प्रयोगविहीन बनेको झाले बताए । जनशक्ति व्यवस्थापन गरेर बर्थिङ सेन्टरहरुलाई प्रयोगमा ल्याउन उनले मन्त्री सिंहको ध्यानाकर्षण गराएका थिए । सो अवसरमा स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका निमित्त सचिव राजेश मिश्रले स्वास्थ्य क्षेत्रमा सुधारको लागि प्रदेश सरकारले हरसम्भव प्रयास गरिरहेको जानकारी दिए । स्वास्थ्य निर्देशनालयका निर्देशक श्रवण नायकले मधेश प्रदेशको १ सय ३६ वटै पालिकामा आउँदो फागुन ६ गतेसम्म एचपीभी खोप अभियान संचालन हुने जानकारी दिए । कक्षा ६ देखि १० सम्मका छात्रा र विद्यालय बाहिर रहेका १० वर्षदेखि १४ वर्ष उमेर समूहका किशोरीलाई एचपीभी खोप दिन लागेको निर्देशक नायकले बताए । खोप सुरक्षित र प्रभावकारी भएकाले ढुक्क भएर लगाउन नायकले अनुरोध समेत गरे । कार्यक्रममा पूर्व सहसचिव गरिबदास ठाकुर, लक्ष्मीनियाँ गाउँपालिकाका वडा नं. ७ का वडाध्यक्ष गंगा साह, प्रमुख प्रशासकीय अधिकृत राजगिर महतो, स्वास्थ्य निर्देशनालयका लक्ष्मेश्वर झा, लक्ष्मीनियाँ माविका प्रअ दिपक झा, मावि सिनुरजोडाका प्रअ शिवकुमार यादव लगायतको उपस्थिति रहेको थियो ।

GALAXY SCHOOL/COLLEGE
Bajrang Chowk, Janakpurdham-8
041-524969/9854028024
NEB AFFILIATED
Admission Open ! +2
- SCIENCE
- MANAGEMENT
- EDUCATION
- LAW with Computer
Super 81 Scholarship Scheme
33 Years of Academic Excellence

समाज, विकास, लोकतन्त्र र विधिको शासन प्रति समर्पित राष्ट्रिय दैनिक
www.jaleshwortoday.com
जलेश्वर टुडे
Jaleshwor Today National Daily
एक कदम अगाडि



## सम्पादकीय...................

# रुग्ण आयोजनाको काम रोक

*समय नै व्यवस्थापनमा कुशलता ल्याउने स्रोत हो र समयले सबैलाई बाँधेको हुन्छ। समय व्यवस्थापन व्यवस्थापकीय सिपको रूपमा लिइन्छ। समयको सदुपयोग गर्न अन्य पक्षलाई पनि सक्रिय बनाउनु पर्छ। शासकीय प्रभावकारिता बढाउन समयको ख्याल गर्नैपर्ने हुन्छ। राम्रो नतिजाका लागि समय तालिकाको उपयोग गर्नुपर्ने र समयको पालना नभए अस्तव्यस्तता हुने गरेको पाइन्छ। भनिन्छ, समय बलवान् छ समयको हेक्का गर, ख्याल गर र सफलता हात लाग्छ। समयले पर्खिंदैन बगेको खोला फर्किंदैन भन्ने भनाइले समयको बेगमा आफूलाई समाहित गर नत्र पछुताउनुपर्ने हुन्छ भन्ने सन्देश हो।*

*उन्नति र प्रगति गर्ने मुख्य आधार समयको पालना हो भने समयलाई मूल्यवान् ठान्ने प्रगतिको पथमा हुन्छन्। समयलाई स्रोतको रूपमा उपयोग गर्नुपर्ने एप्पलका वैज्ञानिक तथा सियो स्टोभ जब्सले बताएका थिए। कामको कार्यकुशलता र प्रभावकारिता बढाउन समयतालिका र त्यसको पालनाको विषय महत्वपूर्ण छ। समयतालिका सहित कार्य गर्न तत्परता भएका व्यक्ति, संस्था र देशले उच्च लाभ लिएका छन्। समयको अवसरलाई उत्पादन र मौद्रीकरण गरी जीवन उन्नत बनाउन सफल भएका उदाहरण प्रशस्त छन्। समयको महत्वसँग विकासको प्रसङ्ग जोडिएको हुन्छ।*

*पूर्वाधार विकासमा समय व्यवस्थापनको पक्ष कमजोर देखिएकाले सोही विषयमा चर्चा गर्न खोजिएको छ। विकासका विभिन्न विधामा समय महत्वपूर्ण मानिएको छ। विकासको प्रतिफल प्राप्त गर्न समयको उपयोगमा ध्यान दिनुपर्ने हुन्छ। हाम्रो परिवेशमा हेर्दा समयमा पूर्वाधार विकासमा अवरोध भई काम समयमा नहुँदा खर्च गर्ने प्रणालीमा समेत कमजोर अवस्था देखिएको छ। जनताको विकास अपेक्षाको सम्बोधन गर्न समय व्यवस्थापनमा ध्यान दिनै पर्ने हुन्छ। हाल देखिएका रुग्ण आयोजनाको समाधान गर्ने र अबका दिनमा रुग्ण आयोजना हुन नदिने रणनीतिको आवश्यकता छ।*

# यसपालि सिङ्गो हिउँदे पानी नपरी बित्नै लाग्दा किसान निरास



**जलेश्वरटुडे समाचारदाता**
**महोत्तरी, २३ माघ**

यसपालि सिङ्गो हिउँदे पानी नपरी बित्नै लाग्दा किसान निरास छन्। वसन्तपञ्चमी पर्व मनाइसक्दासम्म पानी पर्ने चालचुल नदेखेपछि महोत्तरीका किसान अहिले अपेक्षित हिउँदेबाली नहुने चिन्ताले पिरोलिएका छन्। “हिउँद पानी नपरी बित्यो”, बर्दिवास-९ टोकीटोलका ६० वर्षीय किसान रामचन्द्र थापा मगर भन्छन्, “खै हिउँदे बाली राम्ररी भित्रयाउन पाइएला जस्तो छैन।” कुलोको स्थायी सिँचाइको प्रबन्ध नभएको आफ्नो ठाउँमा इनारको पानी मोटरले तानेर बाली सेचन गर्ने गरिएको उनको भनाइ छ।

यसपालि अहिलेसम्म हिउँदे वर्षा नहुँदा इनारमा पानीको सतह गहिरिँदै गएर मोटरबाट पानी तान्न नसकिने अवस्था बनेको थापासहित टोकीटोलका किसानको चिन्ता छ। माघ अन्तिम साता लागि सक्दा हुस्सुले छाडेको छैन। हिउँदमा हुस्सु लाग्नु स्वभाविक भए पनि माघ लागेपछि घाम तात्दै जाने पुरानो मौसमको थिति खलबलिएको किसान बताउँछन्। “आकास धुम्मिएको धुम्मियै छ, पानी पर्न सकेको छैन”, बर्दिवास-७ का ७० वर्षीय विन्देश्वर यादव भन्छन्। खेतबारीमा तरकारी बाली हुस्सुले कक्रदै तथा पानी नपरेर माटो रुखिएको उनले बताए। भङ्गाहा-४ रामनगरका ७५ वर्षीय इस्लाम राइन भन्छन्, “यो हामीले पहिले देखे भोगेभन्दा फरक हुँदैछ।”

एक दशक अघिसम्मका ऋतुपिच्छेका मौसममा गरिने अड्कल अब मेल खान छाडेको राइनकै छिमेकी जव्वार शेष बताउछन्। हिउँदे पानी नपर्दा गहुँ, उखु र दलहन बाली राम्ररी बढ्न सकेको छैन। यसैगरी भण्टा, रामतोरीया, खुर्सानीलगायत तरकारी पानी नपर्दा ओइलिन लागेका छन्। माटोमा चिस्यान नहुँदा पर्खनुको विकल्प नरहेको गौशाला-११ का भोगेन्द्र महतो बताउछन्। हिउँदे वर्षा जमिन भिजाउने मात्र नभई बालीनालीका लागि अत्यन्त पोसिलो हुने पाका किसान बताउँछन्। भर्खरै हुर्कदै गरेका वैशाखी लहरे तरकारी, उखु, आँपसहितका फलका रुख हिउँदे वर्षा पाएपछि लहलहाउने पाका किसानको अनुभव छ। तर, यसपाली वर्षा नै नभई हिउँद बित्दै गएपछि यी बालीबाट अपेक्षित उत्पादन लिन नसकिने किसानमा चिन्ता बढेको छ।

# फागुन ११ देखि १५ गतेसम्म छैटौं ‘मधानी महोत्सव’




**जलेश्वरटुडे समाचारदाता**
**रौतहट, २३ माघ**

रौतहटको मौलापुरमा आगामी फागुन ११ देखि १५ गतेसम्म छैटौं ‘मधानी महोत्सव’ हुने भएको छ। आज यहाँ पत्रकार सम्मेलन गरी मौलापुरमा रहेको पुरातात्विक महत्वको स्थानीय महादेव मन्दिरलाई विश्वसम्पदा सूचीमा सूचीकृत गर्न तथा स्थानीय पर्यटन प्रवर्द्धनमा सहयोग पुर्याउने उद्देश्यले महोत्सव आयोजना गर्न लागेको मौलापुर नगरपालिकाले जनाएको छ।

धार्मिक, सामाजिक, सांस्कृतिक, सामाजिक, व्यापारिक क्षेत्रको प्रवर्द्धनमा सहयोग पुऱ्याउने उद्देश्यले महोत्सव आयोजना गर्न लागेको नगरपालिका प्रमुख रीनाकुमारी साहले स्पष्ट गरिन्। महोत्सवका अवसरमा स्वदेश तथा भारतका चर्चित कलाकारको सहभागितामा मधानी विशेष नाचसहित सांस्कृतिक समारोह, खेलकुदलगायतका गतिविधि सञ्चालन हुने महानगरपालिकाले जनाएको छ। मधानी महोत्सव आयोजना गर्न यस वर्ष नगरपालिकाले रु ८७ लाख विनियोजन गरेको प्रमुख कार्यकारी अधिकृत रामबाबु साहले जानकारी दिए।



# व्यक्तिगत घटना दर्ता गरौं

- घटना दर्ताको प्रमाण पत्रलाई कानुनी मान्यता प्राप्त भएकोले जुनसुकै अड्डा अदालतमा प्रमाणको रुपमा प्रस्तुत गर्न सकिने।
- आमा बाबु उमेर आदिको बैधानिक प्रमाण हुने।
- विद्यालयमा भर्ना हुन सजिलो पर्ने।
- नागरिकताको प्रमाण पत्र लिन सजिलो पर्ने।
- नाता कायम गर्न सजिलो पर्ने।
- चल अचल सम्पत्ती नामसारी गर्न सजिलो पर्ने।
- पती-पत्नीबिच बैधानिक सम्बन्ध कायम हुने।
- जीवन विमा, पेन्सन, उपदान र बैंकबाट रकम झिक्न सुविधा हुने।
- विदेश जानको लागि भिसा प्राप्त गर्नमा सजिलो हुने।
- राष्ट्रिय जनसंख्या नीति तर्जुमा गर्नमा मद्दत मिल्ने।
- खाद्यान्न कार्यक्रम संचालन गर्न सहयोग मिल्ने।
- आवासको व्यवस्था गर्न सजिलो हुने।
- व्यक्तिगत घटना दर्ताका लागी सम्बन्धीत वडा कार्यालयमा सम्पर्क राखौं तथा घटना दर्ताको लागि आवश्यक कागजात एवं प्रकृयाहरु नागरिक वडा पत्रमा अध्ययन गरौं।

**रामगोपालपुर नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**महोत्तरी, मधेश प्रदेश नेपाल**


## तपाईको टुडे

मेषः आम्दानी हुने

वृषः पिछडेको साथी मिल्ने

मिथूनः मित्रतामा फाटो आउने

कर्कटः मनमा पछुतो आउने

सिंहः अनावश्यक चिन्ता

कन्याः अनावश्यक खर्चको संभावना

तुलाः विचार गरेर बोल्नुहोला

वृश्चिकः पढाईमा ध्यान दिनुपर्ने

धनुः खानपानमा समस्या आउने

मकरः अशुभ समाचार प्राप्त हुने

कूम्भः लामो यात्राको योग छ

मीनः शुभ कार्यको शुरुवात



## मधेश प्रदेशको गौरव

**श्री सत्यनारायण भगवानको दर्शन गरौं,मनबाञ्छित फल पाऔं।**



आरती : विहान : ९ र राति ८ बजे
ठेगाना : शरञ्चियाँ कुट्टि र कलबार कुट्टिको विचमा,पु.:९८२७८१४५८८

**श्री देवअंशी लहेरी समाज, जनकपुरधाम–४,धनुषा**


## आवश्यक टेलिफोन नम्बरहरु

### जलेश्वर

| | |
|---|---|
| नेपाल पत्रकार महासंघ महोत्तरी | ५२०५१५ |
| जलेश्वरअस्पताल एम्बुलेन्स | ९७४४००२५२७ |
| नेपाल रेडक्रस सोसाइटी एम्बुलेन्स | ५२०१००, |
| सामुदायिक विकास परि.एम्बुलेन्स | ५२१००५, |
| RCDSC एम्बुलेन्स | ५२०२९८, |
| दसहारा एम्बुलेन्स | ५२०६७७, ९८४४२६०००० |
| बर्दिबास अस्पताल एम्बुलेन्स | ५५००९०, |
| बर्दिवास सेवा समिति एम्बुलेन्स | ५५०५८६, |
| रामगोपालपुर एम्बुलेन्स | ६९०५९३ |
| जिल्ला प्रहरी | ५२०००९ |
| विद्युत | ५२०१६६ |
| वारुण यन्त्र | ५२००९७ |
| जिल्ला प्रशासन | ५२००५५ |

**आवश्यक नम्वरहरुको लागि सम्पर्क गरौं १९७**

### जनकपुर

| | |
|---|---|
| प्रहरी धनुषा | 520099, 100 |
| सुरक्षा गुल्म जनकपुर बैरेक | 0186,526586 |
| सशस्त्र प्रहरी मुजेलिया | 527213, 527800 |
| मुजेलिया प्रहरी चौकी | 520750 |
| ट्राफिक कार्यालय जिरोमाईल | 520366 |
| एम्बुलेन्स पब्लिक वेल फेयर | 9854022474 |
| एम्बुलेन्स रेडक्रस | 102 |
| एम्बुलेन्स (सरोज फाउन्डेशन) | 522806 |
| महाबीर एम्बुलेन्स | 525980 |
| एम्बुलेन्स मेडिकल कलेज | 526091 |
| एम्बुलेन्स केयर मेडिकल सेन्टर | 523864 |
| बरुण यन्त्र जनपा | 520011 |
| जिल्ला जनस्वास्थ्य कार्यालय | 526271 |
| जनकपुर अंचल अस्पताल | 520033 |
| केयर मेडिकल सेन्टर | 523864 |
| धनुषा तथा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | 525800 |
| **जानकी हेल्थ केयर एण्ड रिसर्च सेन्टर** | 525342 |

## जलेश्वरनाथ मन्दिर पुजाआजा

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | ०५:०० बजे |
| विहान पुजा आरती | ०५:३० बजे |
| विहान ढोका बन्द | १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | ०४:०० बजे |
| सन्ध्या पूजा आरती साँझ | ०६:३० बजे |
| राति ढोका बन्द हुने समय | १२ बजे |

(हरेक हप्ताको मंगलबार र शनिबार मन्दिर प्राङ्गणमा दिउँसो भजन किर्त्तन सहित हनुमान आराधना )

## जानकी मन्दिर पुजाआजा

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | ०५:०० बजे |
| विहान पुजा आरती | ०७:३० बजे |
| विहान ढोका बन्द | १२:०० बजे |
| अन्न क्षेत्र | निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | ०४:०० बजे |
| सन्ध्या पूजा आरती साँझ | ०७:३० बजे |

# इटालीको मुद्रास्फीति एक वर्ष यताकै उच्च

जलेश्वरटुडे समाचारदाता
काठमाण्डौं, २३ माघ



इटालीमा उपभोक्ता मूल्यहरू जनवरीमा एक वर्ष अघिको तुलनामा १.५ प्रतिशतले बढेको छ। जुन गत वर्षको कुनै पनि एक महिनामा सबैभन्दा उच्च वार्षिक वृद्धि हो। राष्ट्रिय तथ्याङ्क संस्थानले जनवरीमा वार्षिक मुद्रास्फीति दर मुख्यतया ऊर्जा लागतमा भएको वृद्धिको कारणले भएको रिपोर्ट गरेको छ।

ऊर्जा वस्तुहरू वर्ष-दर-वर्ष २७.८ प्रतिशतले बढेका छन्। यो डिसेम्बर २०२४ मा रेकर्ड गरिएको १२.७ प्रतिशत वार्षिक वृद्धिको तुलनामा एक महत्त्वपूर्ण रहेको बताइएको छ। गैर नियमित ऊर्जा मूल्यहरू जनवरीमा एक वर्ष अघिको तुलनामा ३ प्रतिशत कम थिए। तर यो गिरावट डिसेम्बरमा दर्ता गरिएको ४.२ प्रतिशत गिरावट भन्दा कम थियो। यसैबीच प्रशोधित खाद्य मूल्यहरू २ प्रतिशतले बढेका छन्। यातायात सेवाहरू २.५ प्रतिशतले बढेका छन्। नियमित र गैर-नियमित ऊर्जा वस्तुहरू बाहेक जनवरीमा मुद्रास्फीति वर्ष-दर-वर्ष १.८ प्रतिशत रहेको छ। मासिक आधारमा, डिसेम्बरको तुलनामा उपभोक्ता मूल्यमा ०.६ प्रतिशतले वृद्धि भयो। डिसेम्बरमा वार्षिक मुद्रास्फीति दर १.३ प्रतिशत रह्यो। समग्रमा २०२४ को लागि, इटालीको औसत मुद्रास्फीति दर १ प्रतिशत थियो।

# आजका लागि विदेशी मुद्राको विनिमय दर यस्तो



जलेश्वरटुडे समाचारदाता
काठमाण्डौं, २३ माघ

नेपाल राष्ट्र बैंकले आजका लागि विदेशी मुद्राको विनिमय दर निर्धारण गरेको छ। राष्ट्र बैंकका अनुसार अमेरिकी डलर एकको खरिददर १३९ रूपैयाँ ०२ पैसा र बिक्रीदर १३९ रूपैयाँ ६२ पैसा कायम भएको छ। अघिल्लो दिनको तुलनामा अमेरिकी डलरको मूल्य आज घटेको हो। युरोपियन युरो एकको खरिदर १४३ रूपैयाँ ५२ पैसा र बिक्रीदर १४४ रूपैयाँ १४ पैसा तोकिएको छ। अघिल्लो दिनको तुलनामा यूरोको मूल्यमा वृद्धि भएको छ। यस्तै, युके पाउन्ड स्ट्रलिङ एकको खरिददर १७२ रूपैयाँ ६० पैसा र बिक्रीदर १७३ रूपैयाँ ३५ पैसा, स्वीस फ्याङ्क एकको खरिददर १५२ रूपैयाँ ९५ पैसा र बिक्रीदर १५३ रूपैयाँ ६१ पैसा कायम गरिएको छ। युके पाउन्ड स्ट्रलिङ र स्वीस फ्याङ्क दुवैको मूल्य बढेको केन्द्रीय बैंकले निर्धारण गरेको विनिमयदरमा उल्लेख छ।

अष्ट्रेलियन डलर एकको खरिददर ८६ रूपैयाँ ३२ पैसा र बिक्रीदर ८६ रूपैयाँ ७० पैसा, क्यानेडियन डलर एकको खरिददर ९६ रूपैयाँ ३६ पैसा र बिक्रीदर ९६ रूपैयाँ ७८ पैसा, सिङ्गापुर डलर एकको खरिददर १०२ रूपैयाँ ४९ पैसा र बिक्रीदर १०२ रूपैयाँ ९३ पैसा निर्धारण गरिएको छ। जापानी येन १० को खरिददर आठ रूपैयाँ ९६ पैसा र बिक्रीदर आठ रूपैयाँ ९९ पैसा, चिनियाँ युआन एकको खरिददर १९ रूपैयाँ १७ पैसा र बिक्रीदर १९ रूपैयाँ २५ पैसा, साउदी अरेबियन रियाल एकको खरिददर ३७ रूपैयाँ ०६ पैसा र बिक्रीदर ३७ रूपैयाँ २२ पैसा, कतारी रियाल एकको खरिददर ३८ रूपैयाँ १३ पैसा र बिक्रीदर ३८ रूपैयाँ ३० पैसा कायम भएको छ।

केन्द्रीय बैंकका अनुसार थाई भाट एकको खरिददर चार रूपैयाँ ११ पैसा र बिक्रीदर चार रूपैयाँ १३ पैसा, युएई दिराम एकको खरिददर ३७ रूपैयाँ ८५ पैसा र बिक्रीदर ३८ रूपैयाँ ०१ पैसा, मलेसियन रिङ्गेट एकको खरिददर ३१ रूपैयाँ २८ पैसा र बिक्री दर ३१ रूपैयाँ ४२ पैसा, साउथ कोरियन वन १०० को खरिददर नौ रूपैयाँ ५५ पैसा र बिक्रीदर नौ रूपैयाँ ५९ पैसा, स्वीडिस क्रोनर एकको खरिददर १२ रूपैयाँ ५८ पैसा र बिक्रीदर १२ रूपैयाँ ६३ पैसा र डेनिस क्रोनर एकको खरिददर १९ रूपैयाँ २४ पैसा र बिक्री दर १९ रूपैयाँ ३२ पैसा तोकिएको छ।

# ओटीटीमा आएको चार दिनमा पुष्पा २ ले बनायो यस्तो रेकर्ड

जलेश्वरटुडे समाचारदाता
काठमाण्डौं, २३ माघ



दक्षिण भारतीय सुपरस्टार अल्लु अर्जुनको 'पुष्पा २' ओटीटीमा रिलिज भएको चार दिन भयो। सिनेमा हलपछि फिल्मले ओटीटीमा पनि आफ्नो जादु देखाइरहेको छ। फिल्मले पश्चिमेली दर्शकहरूमाझ ठुलो छाप छाडिरहेको छ।

ओटीटीमा रिलिज भएको चार दिनपछि नै 'पुष्पा २' ले पश्चिमी दर्शकहरूमा गहिरो प्रभाव पारेको छ। यो फिल्म सात देशहरूमा नम्बर एक स्थानमा पुगेको छ। 'पुष्पा २: द रुल रिलोडेड भर्सन' चार दिनमा विश्वव्यापी गैर-अंग्रेजी श्रेणीमा ५८ लाख भ्यूज पाउँदै दोस्रो स्थानमा कायम छ। अल्लु अर्जुनको फिल्मले बक्स अफिसमा शानदार प्रदर्शन गरेको छ। स्याकानिल्कको रिपोर्ट अनुसार, फिल्मले भारतमा मात्रै कुल १ हजार २३३ करोड ८० लाख भारु कमाएको छ।

विश्वभर भने फिल्मको कूल कमाई १ हजार ७४१ करोड ७५ लाख भारु थियो। रिलिज हुने बित्तिकै फिल्मले बक्स अफिसमा कयौं फिल्मको रेकर्ड तोडेको थियो। अल्लु अर्जुन अभिनीत यस फिल्ममा रश्मिका मन्डनाले अल्लु अर्जुनको श्रीमतिको भूमिका निर्वाह गरेकी थिइन्।

फहाद फासिल खतरनाक भिलेनको भूमिकामा देखिएका थिए। फिल्ममा जगपति बाबु, राव रमेश, अनुसूया भारद्वाज, सुनील लगायतको अभिनय पनि रहेको थियो।

# महिला टी-२०आई शृंखला : नेपाल नेदरल्यान्ड्ससँग १० विकेटले पराजित

जलेश्वरटुडे समाचारदाता
काठमाण्डौं, २३ माघ



काठमाडौंमा जारी नेपाल, नेदरल्यान्ड्स र थाइल्यान्ड सम्मिलित महिला टी-२०आई शृंखलाको आफ्नो पाँचौं खेलमा पनि नेपाल पराजित भएको छ। नेपाल नेदरल्यान्ड्ससँग १० विकेटले पराजित भएको हो। नेपालले दिएको १४६ रनको लक्ष्य नेदरल्यान्ड्सले बल बाँकी छँदा कुनैपनि विकेट नगुमाई पूरा गर्‍यो।

नेदरल्यान्ड्सका लागि ओपनर स्टेरे कालिसले अविजित रहँदै ११ चौका र २ छक्कासहित ९८ रनको शानदार पारी खेलिन्। त्यसैगरी फेबे मोल्कनबोरले अविजित ४८ रन बनाइन्। त्यसअघि टस जितेर पहिले ब्याटिङ गरिरहेको नेपालले नेदरल्यान्ड्सलाई १४६ रनको लक्ष्य दिएको थियो। नेपालले २० ओभरमा ४ विकेट गुमाएर १४५ रन बनायो। नेपालका लागि पुजा महतोले अविजित अर्धशतक बनाइन्। पुजाले ५१ बलमा पाँच चौकासहित ६२ रन बनाइन्। यो यस शृंखलाकै उच्च व्यक्तिगत स्कोर हो।

कप्तान इन्दु बर्माले ३९ तथा रुबिना क्षेत्रीले २० रन बनाइन्। नेदरल्यान्ड्सका लागि आइरिस विलिङले २ विकेट लिँदा कारोलिन डे लाङ र हिथर सिगर्सले १-१ विकेट लिए। चौथो नम्बरमा ब्याटिङमा आएकी पुजाले शृंखलामै नेपालका लागि पहिलो अर्धशतक बनाएकी हुन्। पुजाको यो दोस्रो टी२० आई अर्धशतक हो। यसअघि उनले सन् २०२४ मा माल्दिभ्सविरूद्ध अर्धशतक बनाएकी थिइन्।




भंगहा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
महोत्तरी, मधेश प्रदेश नेपाल




सम्सी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
महोत्तरी, मधेश प्रदेश नेपाल

# विचारधारामुक्त राजनीतिको तरलता

-लगभग ३५ वर्षसम्म नेतृत्वदायी भूमिकामा विराजमान रहे पनि नेपाली राजनीतिका त्रिमूर्तिले किन आफ्ना राजनीतिक वारिसहरूको युवा र सक्षम पंक्ति तयार गर्न नसकेका होलान् ? सफलताको श्रेय लिने होडमा इतिहासमा कलंकित पात्रका रूपमा चित्रित हुने प्रतिस्पर्धामा किन लागेका होलान् ? नेपालमा खस-आर्य वर्चस्वका तीन प्रमुख दलमध्ये नेपाली कांग्रेसका सभापति सन् १९९१ देखि निरन्तर सत्ता वा प्रतिपक्षको नेतृत्व पंक्तिमा छन् । विभाजित नेकपा (एमाले) होस् वा केही समयका लागि माओवादी केन्द्रसँग 'एकीकरण' गरिएको राजनीतिक प्रयोग, प्रधानमन्त्री खड्गप्रसाद शर्मा ओली पनि सन् १९९० को सुरुदेखि नै नेतृत्वदायी भूमिकामा छन् ।

सन् २०१५ मा भएको १६ बुँदे षड्यन्त्रपछि त झन् नृजातीय मुख्तियार बन्न गएकाले अध्यक्ष शर्मा ओली खस-आर्य वर्चस्वका सबैजसो राजनीतिक दलका राष्ट्रवादी प्रतिमान भइसकेका छन् । राजनीतिक मञ्चहरूको नाम जेसुकै राखे पनि अध्यक्ष पुष्पकमल दाहालले आफ्नो सर्वेसर्वाको सिंहासन सन् १९९० को दशकदेखि आजसम्म एकपटक पनि छाडेका छैनन् । लगभग ३५ वर्षसम्म नेतृत्वदायी भूमिकामा विराजमान रहे पनि नेपाली राजनीतिका त्रिमूर्तिले किन आफ्ना राजनीतिक वारिसहरूको युवा र सक्षम पंक्ति तयार गर्न नसकेका होलान् ? सफलताको श्रेय लिने होडमा इतिहासमा कलंकित पात्रका रूपमा चित्रित हुने प्रतिस्पर्धामा किन लागेका होलान् ? आलोचनाका नाउँमा गालीगलौज गर्ने प्रवृत्तिको व्यापकताले गर्दा होला (स्वीकारोक्ति : पंक्तिकारले पनि 'म म' भन्छ !), बृहद् नेपाली समाजमा प्रश्न गर्ने वा कुनै मुद्दाबारे गहिरोसँग घोत्लिने चलन स्थापित हुन सकेको छैन । आफूले गर्न नचाहेको वा नसकेको काम फत्ते गरिदिनका लागि सबैलाई एउटा नयाँ अवतार वा कम्तीमा अर्को जंगबहादुर चाहिएको छ । समाज मात्र नभएर धर्म, संस्कृति र आर्थिक गतिविधिमा जस्तै राजनीतिमा पनि नायकत्वको महत्त्वबारे निरन्तर बहस भइरहन्छ । सामाजिक अगुवाको अग्रसरता सामान्यतया स्वैच्छिक र स्वयंसेवी प्रकृतिको हुने भएकाले तिनको योगदानलाई सम्मान गर्ने गरिन्छ । यद्यपि केही अन्तर्राष्ट्रिय एवं स्थानीय गैरसरकारी संस्थामा संलग्न व्यक्तिको विलासी जीवनशैलीले गर्दा समाजसेवा सुस्तरी समर्पित कर्म (भोकेसन) बाट अन्य दक्ष पेसा (प्रफेसन) जस्तै आकर्षक वित्तीय प्रतिफलका लागि गरिने रोजगारमा परिणत भएको आक्षेप आधारहीन होइन । हुन त इसाई वा इस्लाम जस्ता अब्राहमिक धर्ममा पनि क्याथलिक र प्रोटिस्टेन्ट एवं सिया र सुन्नी जस्ता सम्प्रदाय नभएका होइनन्, तर ती सबै मूल रूपमा एकेश्वरवादी छन् । आर्यावर्तका वैदिकहरूले नास्तिक दर्शन भनेर घोषणा गरेका श्रमण परम्पराका जैन, बौद्ध, चार्वाक र आजीविक आस्थामा पारलौकिकभन्दा इहलौकिक आचरणलाई प्राथमिकतामा राखिन्छ । ऋषिहरूले वैदिक र अरबीहरूले हिन्दु नामकरण गरेको ब्राह्मणवादी आस्था समूहमा भने केन्द्रीकृत नायकत्वको अवधारणा छैन ।

रूप र अवतार धेरै भए पनि परमब्रह्म एउटै रहेको सुधारवादी धारणापछि भने वैदिक कर्मकाण्ड, श्रमणिक परम्परा एवं निर्गुण जीवनशैलीलाई एकीकृत रूपमा भारतवर्षको सनातन धर्म भन्ने चलन व्यापक भएको हो । नाम फेर्दैमा आस्थाभित्रका अनेकता भने नजाने रहेछ । वेदान्तको अद्वैत मतका प्रणेता आदि शंकराचार्यको प्रभाव विस्तारपछि हर र हरि समर्थकबीचको विवाद कम हुँदै गए पनि सनातन आस्था समूह एकेश्वरवादी 'धर्म' होइन । भूलोकमा सबभन्दा धेरै आस्थावान् व्यक्ति र तमासे एकै ठाउँमा भेला हुने प्रयागराजको



महाकुम्भ यसपटक १४४ वर्षपछि आयोजना भएको हो । करोडौंको भीडमा भागाभाग हुनु असामान्य होइन तर त्यसपछिको घटनाक्रमले भने सनातन आस्था समूहलाई कसरी हिन्दुत्वको राजनीतिक विचारधारामा रूपान्तरित गरिसकिएको रहेछ भन्ने उजागर हुन्छ । भागदौड मच्चिएपछि किचिएर र कुल्चिएर ज्यान गुमाएका वा घाइते भएकाहरूको सही तथ्यांक सार्वजनिक हुन सकेको छैन । प्रकाशित सरकारी संख्या यथार्थभन्दा धेरै कम रहेको कुरा त लगभग निश्चित छ । महाकुम्भको कुप्रबन्ध एवं अकाल मृत्यु भएकाहरूको नैतिक जिम्मेवारीले गर्दा उत्तर प्रदेशका मुख्यमन्त्री योगी आदित्यनाथले राजीनामा गर्नुपर्ने कुरा शंकराचार्य स्वामी अविमुक्तेश्वरान्द सरस्वतीले उठाएका छन् । आदि शंकराचार्यद्वारा स्थापित ज्योतिर्मठ, गोवर्धन मठ, शृंगेरी शारदा पीठ एवं द्वारिका पीठका पीठाधीश शंकराचार्यहरू सनातम धर्मका सम्मानित धर्मगुरु हुन् । तर, तिनलाई पनि इसाई धर्मगुरु जसरी धर्मादेश वा इस्लाममा जस्तो फतवा जारी गर्ने अधिकार छैन । ज्योतिर्मठका शंकराचार्यको ज्ञानचक्षुबाट निस्सारित पाठ सबैले पालना गर्नैपर्ने निर्देश हुन सक्दैन । तर उनीविरुद्ध खनिएका सन्त, महन्त र मठाधीशको जमात देख्दा लाग्छ, ३३ कोटी देवता भएको आस्था समूहमा कुनै पनि धर्मगुरुले स्वयंलाई अरू कसैभन्दा कम महत्त्वको नठान्ने 'समानता' व्याप्त छ । गैसस उद्यमका पेसेवर व्यवस्थापकले गर्दा सामाजिक अगुवाहरूको सम्मानमा कमी आए जस्तै विलासी बाबा, चमत्कारी साधु र वाक्पटु गुरुहरूले धार्मिक नायकत्वलाई सांस्कृतिक र सामाजिक नामदार (सेलिब्रिटी) बनाइदिएका छन् । उन्मुक्त बजारमा आर्थिक क्षेत्रको नायक कहलिन उपयोगी उत्पादन वा सेवा क्षेत्रमा नवप्रवर्तन गर्नुपर्ने हुन्छ । विश्वसनीय गुणस्तर, उचित मूल्य, चुस्त वितरण प्रणाली, उपयुक्त कर चुक्ता एवं सामाजिक दायित्वसहितको व्यवस्थापन देखाउनुपर्छ ।

बजार विस्तार र प्रतिस्पर्धामा टिक्नका लागि गरिने लागत अनुकूलनद्वारा बिक्री मूल्यमा कटौती, आकर्षक विज्ञापन, व्यापक प्रचार-प्रसार र वितरक, विक्रेताका साथै उपभोक्तालाई दिइने प्रलोभन र सुविधा (इन्सेन्टिभ्स) पनि आर्थिक क्षेत्रका ग्राह्य गतिविधि हुन् ।

साभार : कान्तिपुर ।






## एकडारामा पालिका स्तरिय एच.पि.भी. (HPV) खोप सम्बन्धि १ दिने अभिमुखिकण कार्यक्रम समपन्न

**आरजे ईर्शाद**
**महोत्तरी, २३ माघ**



महोत्तरीको एकडारा गाउपालिकामा स्वास्थ्य शाखाको आयोजनामा एच.पि.भी. Human Papilloma virus(HPV) खोप अभियान तथा नियमित खोप सेवा सुरुवातको लागी पालिका स्तरिय खोप समन्वय समितिको १ दिने अभिमुखिकण कार्यक्रम सप्पन्न भएको छ । कार्यक्रममा कक्षा ६ देखि कक्षा १० सम्मका छात्राहरुलाई तथा बिधालय नजाने १० बर्ष देखि १४बर्ष सम्मको किशोरिहरुको लागि एच.पि.भी. (जएख) खोप अभियान सबै वाडामा संचालन हुने भएको छ ।

पाठेघरको मुखको क्यान्सर गर ाउने ज्ञबल एबउर्षफिब खष्चगक विरुद्धको एच.पि.भि. खोप सिकोलिन भ्याक्सिन दिने भएको छ ।अभियान तथा नियमित खोपमा शुरुवात गर्नको लागि पालिका खोप समन्वय समिती कार्यक्रममा पाठेघरको मुखको क्यान्सर,रोग सर्ने माध्यम, लक्षण तथा चिन्हहरु, नेपालमा पाठेघरको मुखको क्यान्सर हुनको कारण, रोकथामका उपयहरु, खोपको मात्रा दिने बिधि, खोप दिन नहुने अवस्थाहरू , निवारण रणनीति एच. पि. भि. खोप अभियान तथा नियमित खोपमा कार्यक्रम सञ्चालन कार्यनिती सम्बन्धि बिषयहरुमा छलफल भएको छ । हामिले २ हजार १ सय ४७ भ्याक्सिनको लक्ष्य राखेकाछौ साथै किशोरिहरुलाइ भ्याक्सिनेशनमा सहजताकोलागी प्रत्येक वाडामा लक्ष्य अनुसारको २ देखि ४ ओटा केन्द्र तोकेकाछौ जसले गर्दा बिधालय जाने छात्रा लगायत बिधालय नजाने त्यही समुदायका किशोरिहरुलाई सहजता होस भन्ने उदेश्यले केन्द्र तोकेका छौ स्वास्थ कार्यालय प्रमुख महेन्द्र कुमार मन्डलले जानकारी दिनुभयो ।कार्यक्रमको अध्यक्षता गाउपालिका अध्यक्ष दिप नारायण मन्डलले गर्नु भएको थियो भने पालिका अन्तरगतका वाडाध्यक्षहरु, कर्मचारिहरु, स्वास्थकर्मिहरु तथा संचारकर्मिहरुको उपस्थिति रहेको थियो ।






## धबौली प्रीमियर लिग सिजन २ को उपाधी मलिवाडाले कब्जा गर्न सफल

**आरजे ईर्शाद**
**महोत्तरी, २३ माघ**



धबौली प्रीमियर लिग सिजन २ को उपाधी मलिवाडाले कब्जा गर्न सफल भएको छ । महोत्तरी जिल्लाको जलेश्वर नगरपालिका वाडा ६मा जारि धबौलि प्रीमियर लिग टुर्नामेन्ट प्रतियोगितामा आज भएको फाइनल अन्तिम खेल मलिवाडा र लिउरी क्रीकेट टिम बिच भएको छ। खेलमा मलिवाडा २४ रनले बिजयी हासिल गरि उपाधी कब्जा गर्न सफल भएको छ। खेलमा टस जितेर पहिलो ब्याटिङ रोजेको मलिवाडाले निर्धारित २० ओभरमा जितको लागि १ सय ८२ रनको लक्ष्य दिएको थियो लक्ष्य पछ्याउँदै लिउरिको टिम १ सय५७ रनमा अलाआउट भएका थिए । खेलको उत्कृष्ट खेलाडी तथा टुर्नामेन्ट्को उत्कृष्ट खेलाडी दिपक टु घोषित भएको थियो। खेलमा बिजेता टिमलाइ ट्रफी र नगद पुरस्कार नगद रु २५ हजार र उप बिजेता टिमलाई ट्रफी र नगद रु ११हजार ५ सय प्रदान गरिएको थियो । खेलमा प्रमुख अतिथिको रुपमा ज स पा का युवा नेता उज्ज्वल झा, स्थानिय नेता जिबछ मिश्रा, त्यस्तै अर्गनाइज समितीका अभिषेक झा, ॐ प्रकाश साह, राजन चौधरी सहितको उपस्तिथि रहेको थियो आफ्नो मन्तव्य व्यक्त गर्दै प्रमुख अतिथि नेता झाले आयोजकहरुले राम्रो अनुशासन कायम राख्दै अनुकुल बाताबरणमा खेल सुरु गरि सम्पन्न गर्नुभएकोमा सम्पुर्ण आयोजक टिमलाइ धन्यवाद दिनु भयो। साथै रेडियो अप्पन मिथिलामा कार्यरत रहनु भएका उदघोषक तथा कमन्टेटर आर जे इर्सादको प्रशंसा गर्दै आर जे इर्साद एक्दमै राम्रो र उच्च बर्गका कमन्टेर हुनुहुन्छ उहाले प्रतियोगितामा आफ्नो शतप्रतिशत इफोर्ट दिएर कमेन्ट्री प्रस्तुत गर्दै सबैको माझमा उत्कृष्ट बन्न सफल हुनुभएकोछ ।खेलको सुरुवात देखि अन्त्य सम्म दर्शकहरुलाइ आफ्नो कलाकौशल प्रस्तुत गर्दै सम्पुर्ण खेलमा उद्घोषण तथा कमेन्ट्री गरि मनोरञ्जन दिएको कारण अर जे इर्साद लाई मोमताज स्पोर्ट्स द्वारा मायाको चिनो प्रदान गरिएको थियो ।

प्रकाशक तथा सम्पादक : पवन कुमार साह, सह-सम्पादक : सोनी साह, मुद्रक : राजर्षि जनक अफसेट प्रिंटर्स जनकपुरधाम
प्र.कार्यालय : जलेश्वर -४, सुगा भवानीपट्टि, सम्पर्क कार्यालय : जनकपुरधाम–४ (मुरलीचौक), विज्ञापनको लागि सम्पर्क :९८४४०२७९७१/९८२४८७७६२७
Email:jaleshwortoday@gmail.com,web: www.jaleshwortoday.com, www.facebook.com/JaleshworToday,twitter.com/JaleshworToday